सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २३४ ♦ २०८१ साल जेष्ठ ७ गते सोमवार ♦ 20 May 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## घरबाट भागेर भारत जान लागेका चार किशोर-किशोरीको उद्धार



**खबर दर्पण समाचारदाता**

**जेष्ठ ६ गते, महेन्द्रनगर**

धनुषाबाट चारजना किशोर किशोरीको उद्धार गरिएको छ। घरबाट भागेर भारत जान लागेका सिराहाको कर्जन्हा नगर पालिका ६ ठहराका दुई किशोर र दुई किशोरीलाई जनकपुर उपमहानगरपालिका-१ स्थित सीमा ईलाकाबाट उद्धार गरिएको हो ।

उनीहरु जयनगरतर्फ जाने योजनाकासाथ यात्रुवाहक बसमा चढेर आएका थिए । शंकास्पद अवस्थामा रेल्वे सुरक्षा वेश जनकपुरधाम र माईती नेपालको टोलीले उनीहरुलाई जेठ ४ गते उद्धार गरेको हो। प्रहरीले उनीहरुलाई अभिभावकको जिम्ममा लगाएको छ।

## मुलुकलाई समृद्ध बनाउनका लागि पर्यटन क्षेत्रको विकास हुनु आवश्यक



**खबर दर्पण समाचारदाता**

**जेष्ठ ६ गते, बर्दिवास**

मुलुकलाई समृद्ध बनाउनका लागि पर्यटन क्षेत्रको विकास गर्ने तर्फ केन्द्रित हुनु आवश्यक रहेको एक कार्यक्रममा वक्ताहरुले जोड दिएका छन् । नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेश प्रदेशको आयोजना गरिएको पर्या पर्यटन प्रवर्द्धन अबलोकन तथा प्रचार प्रसार कार्यक्रममा बोल्दै वक्ताहरुले पर्यटनको प्रचुर सम्भावना बोकेको मधेस प्रदेशमा हरेक क्षेत्रबाट पर्यटन क्षेत्रको विकासका लागि अग्रसर हुनुपर्नेमा जोड दिए ।

प्राकृतिक सौन्दर्यता, भौगोलिक विविधता, सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले समृद्ध प्रदेश मधेस रहेकाले मधेसमा समेत पर्यटनको प्रचुर सम्भावना रहेको उनीहरुको भनाइ थियो ।

मधेसको पर्यटन विकासका लागि होटेल व्यवसाय दिगो हुनु पनि आवश्यक रहेको उनीहरुले बताए। यद्यपि सरकारको ध्यान होटेल व्यवसायलाई थप सुदृढ पार्ने तर्फ नरहेको होटेल

*बाँकी पृष्ठ ३ मा*




**बर्दिवास मै पहिलो पटक**

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटकलाई आकर्षित गर्न पर्या पर्यटन अभियानको शुभारम्भ

अजयकुमार साह

**जेष्ठ ६ गते, बर्दिवास**







पर्यटकको प्रचुर सम्भावना बोकेको मधेस प्रदेशको एक मात्र निकुञ्ज पर्सा राष्ट्रिय निकुञ्ज प्रचार प्रसारको अभावमा पर्यटकहरुलाई आकर्षित गर्न सकिएको छैन् ।

पर्याप्त प्रचार प्रसार गरेर पर्यटक अभावमा सुनसान देखिने पर्सा राष्ट्रिय निकुञ्ज भरिभराउ बनाउन शनिबार देखि एक अभियानको थालनी गरिएको छ। पर्सा वन्यजन्तु आरक्षबाट निकुञ्जमा परिणत भएसँगै पर्यटकको रोजाइ स्थल बन्ने धेरै आशा राखेका भए पनि पर्यटक भने आएका छैनन् । पर्यटकीय क्षेत्रको रुपमा हुनु पर्ने प्रचार प्रासरको अभावमा राष्ट्रिय निकुञ्जलले पर्यटकलाई आकर्षित गर्न सकेको कारण नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेश प्रदेशको आयोजनामा निकुञ्ज कै सभाहलबाट सरोकार बालाहरुको उपस्थितीमा पर्या पर्यटन प्रवर्द्धन अबलोकन तथा प्रचार प्रसार कार्यक्रमको शुभारम्भ गरिएको छ।

यस निकुञ्जको क्षेत्रमा जोडिएको चितवन राष्ट्रिय निकुञ्जमा पर्यटकहरूको आवागमन अत्यधिक छ । पर्सा राष्ट्रिय निकुञ्ज आन्तरिक तथा बाह्य पर्यटकहरूलाई घुमाउन आतुर रहेको पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बाराका प्रमुख संरक्षण अधिकृत मनोजकुमार साहले बताए ।

यस निकुञ्जमा पर्यटकहरूका लागि ऐतिहासिक हलखोरिया दह, कामिनी दह, घाँसे मैदान लगायत दुई दर्जनभन्दा बढी रमणीय स्थानहरु रहेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत साहले बताए ।

२०४० साल (सन् १९८४) मा जंगली हात्तीको बासस्थान संरक्षण गर्ने उद्देश्यले स्थापना गरिएको पर्सा वन्यजन्तु आरक्षलाई २०१७ जुलाई ३ (असाढ १९, २०७४) मा राष्ट्रिय निकुञ्जमा परिवर्तन गरिएको देशको १२औं राष्ट्रिय निकुञ्ज हो । यो पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज (एक विश्व सम्पदा स्थल) र दक्षिण-पश्चिमी भागमा भारतको वाल्मीकि टाइगर रिजर्वसँग जोडिएको छ।

मधेस प्रदेश र बागमती प्रदेशको चितवन, मकवानपुर , बारा र पर्सा जिल्लाका केही भागहरू समेटेर पर्सा राष्ट्रिय निकुन्ज फैलिएको छ । यो चितवन राष्ट्रिय निकुञ्जको पूर्वपट्टिको विस्तारित क्षेत्र हो। ५०० देखि ९५० मिटरसम्म अग्लो चुरे पर्वतले यसको सबैजसो भूमि ढाकेको छ। भावर प्रदेश भएको कारण भौगोलिक बनौट छुट्टै प्रकारको छ। नदीनाला सुख्खा देखिन्छन् भने पानी सतह मुनिबाट बग्दछ। चुरेको उच्च भागमा सल्लाका रूखहरू पाइए तापनि ९० प्रतिशत भूमि सालको जंगलले ढाकेको छ र राप्ती नदीको छेउछाउमा सिसौ र खयरका रूखहरू पाइन्छन् ।




केही दशक अगाडिसम्म यो क्षेत्रलाई प्रख्यात चारकोशेझाडी क्षेत्र भनिन्थ्यो र यसलाई प्रमुख शिकारस्थलको रूपमा लिइन्थ्यो। यहाँका प्रमुख जनावरहरू जंगली हात्ती, पाटेबाघ, चितुवा, जरायो, घोडगधा, बँदेल, गौरीगाई आदि हुन् ।

त्यसैगरी संरक्षित पक्षीहरूमा राज धनेश, कालो स्टर्क, सेतो स्टर्क, खर मुजुर, सानो खर मुजुर , सारस तथा अजिङ्गर, सुन गोहोरो छन् । यो निकुञ्ज रैथाने जङ्गली हात्तीको प्रमुख वासस्थान मानिने निकुञ्ज जनाएको छ ।

यस निकुञ्जको चुरे पहाडमा प्रसिद्ध महादेव मन्दिर पनि रहेको छ। जहाँ शिवरात्रि र साउन महिनाभर स्थानीय स्वदेशी तथा भारतीय दर्शनार्थीहरूको समेत भीड लाग्ने गरेको छ ।

निकुञ्ज भित्रका वन्यजन्तु देखाउन भित्री मार्ग तयार गरिएको छ। पर्यटक घुमाउन सकिने र उनीहरूका लागि सुरक्षित खान बस्नको व्यवस्थामा विगतभन्दा धेरै अघि बढिसकेको छ ।

यस निकुन्जको लक्ष्य पुरानो चार कोशे जंगलको प्रतिनिधित्व गर्ने वन र वन्यजन्तुको संरक्षण गर्नु हो । निकुन्जभित्रको रामभोरी भाटा बस्ती स्थानान्तरण भएपछि सो क्षेत्रमा गैंडाको विचरण समेत देखिन थालेको छ । रमौली र प्रतापपुर बस्ती स्थानान्तरण सम्पन्न भएको छ। निकुन्जको आम्दानीबाट मध्यवर्ती क्षेत्रका कार्यक्रमहरू समेत संचालनमा रहेका छन् ।

यस निकुञ्जमा बढीभन्दा बढी पर्यटकको आवागमनको पखाईमा होटल व्यवसायीहरू रहेको छन् । निकुञ्जको स्तरोन्नति भए पनि प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै आएको होटल तथा पर्यटन महासंघ मधेस प्रदेशका संरक्षक सल्लाहकार युवराज लामाले बताए ।

निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार सहित वन्यजन्तु विचरण भइरहेको दृश्यावलोकनका लागि विभिन्न स्थानमा टावर निर्माण, जिप सफारी, पैदलयात्रा, हात्ती सफारी आदि सेवा उपलब्ध छन् ।

पर्यटकहरुले जिप सफारी र हात्ती सफारीबाट निकुञ्जमा बाघ र हात्ती सहित चित्तल, जरायो, बँदेल, नीलगाई, चितुवा, भालु लगायतका हेर्न सक्ने व्यवस्था गरिएको छ।

केही वर्षअघिसम्म मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने समुदायमा निकुञ्जप्रति सकारात्मक दृष्टिकोण नभए पनि अहिले यसको संरक्षणप्रति निकै चनाखो र सहयोगी रहेको पाइन्छ ।

निकुञ्जमा घुम्न आउने पर्यटकका कारण त्यहाँका मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवनस्तरमा समेत सकारात्मक परिवर्तन आउने नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घका प्रदेश अध्यक्ष हिरालाल गौतमले बताए ।

हालसम्म निकुञ्जमा विदेशी पर्यटकको सङ्ख्या उल्लेख्य नभए पनि विस्तारै आन्तरिक पर्यटक बढाउने उद्देश्यले एक अभियान थालनी गरिएको अध्यक्ष गौतमले बताए ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन**-समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कर्कट** - अपुरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

# पत्रकार रोहिता र यादवको मृत्यूले उब्जाएको आशंका, पत्रकारमा त्रास

खबर दर्पण समाचारदाता
जेष्ठ ६ गते, बर्दिवास

एक महिना नपुग्दै धनुषामा पत्रकारहरुको श्रृखंलाबद्ध शंकाष्पद मृत्यू भइरहेको छ । अनि दुर्घटनामा मारिएको भन्दै हल्ला फैलाइन्छ । तर घटना शंकाष्पद रहेको विभिन्न प्रमाणहरु पिडित परिवार र सम्वद्ध सञ्चारमाध्यमले आफै खोजेर दिएपनि प्रहरी प्रशासन मुखदर्शक मात्र बनिरहेको देखिन्छ ।



जनकपुरधाममा कारले मोटर साइकलमा ठक्कर दिंदा शनिबार विहान करिव ३ बजे नै पत्रकार को मृत्यु भएको छ। मृत्यु हुनेमा राजधानी जनकपुर अनलाइनमा कार्यरत ३२ वर्षीय शिवेन्द्र रोहिता छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहान ३ बजेतिर जनकपुर धामको थापाचोकमा बा२१च ३३४३ नम्बरको कारले रोहिता सवार प्रदेश२ज ५६९४ नम्बर को मोटरसाइकलमा ठक्कर दिंदा उनको घटनास्थलमै मृत्यु भएको हो ।

मोटरसाइकलमा पछाडि बस्ने मृतक रोहिताका साथी २५ वर्षीय जयनाथ यादव घाइते भएका छन् । उनको जनकपुर को सीता अस्पतालमा उपचार भइरहेको छ। मृतक पत्रकार र ोहिता धनुषाको शहीदनगर नगर पालिका ८ का बासिन्दा हुन् । कार र चालकलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान गरि रहेको औपचारिक टिप्पनी जिल्ला प्रहरी कार्यालय धनुषाको छ ।

मोटरसाइकलमा सवार अन्य एकजना घाइते मात्र भएको छ। अनि चारजना कार सहित पक्राउ परेका छन। यस्तै घटना केहि दिन अगाडि मात्र भएको र त्यसमा पनि पत्रकारको मृत्यू भई बाँकी सबै बाँच्न सफल भएको थियो। घटना गत बैशाख ११ गतेको हो ।

रेडियो धनुषाधामका सञ्चालक तथा इन्युज ब्युरोका कार्यकारी सम्पादक २८ वर्षिय विनय कुमार यादवको यसरीनै मृत्यु भएको थियो। बिहान करिब ४ बजे उनले चलाएर जनकपुरतर्फ आउँदै गरेको प्रदेश ०२-००६ प ३०३५ नम्बरको मोटर साइकल मिथिला नगरपालिका ६ स्थित जनकपुर ढल्केबर सडकखण्डमा अनियन्त्रित भएर सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको र उनको मृत्यु भएको प्रहरीले प्रचार गरे ।

दुर्घटनामा गम्भीर घाइते भएका यादवको उपचारको क्रममा बिहान करिब ६ बजे मृत्यु भएको धनुषा प्रहरीले बताउछ । पछि परिवारजन र यादवले काम गर्ने सञ्चारमाध्यमले विभिन्न प्रमाण सहितको तथ्यहरु बाहिर ल्याउन थालेपछि मात्र प्रहरी ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता गरेपनि कुनै तथ्य बाहिर ल्याउन प्रहरी सफल भइरहेको देखिदैन । प्रहरीले दुबै घटनामा उनीहरुको घरायसी, समाजिक र व्यक्तिगत रि सिबीका तथ्यहरुलाई आधार बनाएर अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

समाचार लेख्ने क्रममा कुनै एक पक्षमा असन्तुष्टि हुन गई पत्रकारहरुसंग धेरैको दुश्मनी हुने भएकाले पत्रकारहरुले पनि सावधानी अपनाउन आवश्यक रहेको सर्वसाधारणको भनाई छ ।

# मुलुकलाई समृद्ध बनाउनका लागि ....

व्यवसायीहरुको रहेको थियो । कार्यक्रममा जीतपुर सिमरा उपमहानगरपालिका नगर प्रमुख राजन पौडेलले आफुहरु नगर स्तर बाट होटेल व्यवसायलाई सुदृढ पार्न बजेट छुट्याएको जानकारी दिए। यद्यपि अख्तियार ले जे मा पनि डण्डा चलाउँदा यस्ता योजनाहरु चलाउन गार्हो हुने गरेको उनको भनाइ थियो ।

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव सुशील साहले मधेसको पर्यटन क्षेत्रलाइ बढावा दिन मधेस सरकार गम्भीर रहेको दावी गरे ।

उनले यसका लागि बजेट पनि पर्याप्त छुट्याइने प्रतिबद्धता व्यक्त गरे ।


नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घका प्रदेश अध्यक्ष हिरालाल गौतमको अध्यक्षतामा भएको कार्यक्रममा होटल व्यवसायी विजय भुनभुनवाला, महासङ्घका महासचिव बैकुण्ठ सापकोटा , नेपाल होटेल तथा पर्यटन व्यवसायी संघ उपाध्यक्ष सुरेन्द्र भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

# पुर्व मन्त्री कुशवाहाद्धारा भैरव स्थानको शिलान्यास

महोत्तरीको मनरा शिसवा नगरपालिकामा शिलान्यास भएको छ। मधेस प्रदेशका सांसद एवंम पुर्व आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोज सिंह कुशवाहा र मनरा शिस्वा नगरपालिका नगर प्रमुख मोहन पाण्डेद्वारा संयुक्त रुपमा भैरव स्थानको शिलान्यास गरेको छ।

महोत्तरी निर्वाचन क्षेत्र ४ को (ख) बाट निर्वाचित मधेस प्रदेशका सांसद एबम पुर्व आन्तरिक मामिला तथा कानुन राज्य मन्त्री सर ोज सिंह कुशवाहाको प्रमुख अतिथिमा आज एक कार्यक्रमका बीच मनरा शिसवा नगरपालिका वडा नं.२ को ईटहर्वाकट्टीमा भैरव स्थानको शिलान्यास गरेको हो। आफ्नो बिशेष पहलमा पर्यटन मन्त्रालयको बजेटबाट करिब २० लाखको लागतमा भैर व स्थान बनाउन लागेको बताए।

उक्त शिलान्यास कार्यक्रममा विशिष्ट अतिथि नगर प्रमुख मोहन पाण्डेय, अतिथि वाडा अध्यक्ष नरेश कुमार सिंह, ज.स.पा नेता जितेन्द्र चौधरी, रबिन्द्र चौधरी, स्थानीय नेता भजन मण्डल लगायत अन्यनेतागण, नागरिक समाज र युवाहरुको उपस्थितिमा समारोह सम्पन्न भयो ।-खबर दर्पण






सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

## शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ढल्केबरमा मालपोत र नापी कार्यालय सञ्चालनमा आउने निश्चित




**खबर दर्पण समाचारदाता**
**जेष्ठ ६ गते, ढल्केवर**


धनुषाको मिथिला नगर पालिकाको ढल्केवरमा स्थापना भएको मालपोत र नापी कार्यालय सञ्चालनमा आउने भएको छ। शनिवार मध्यरातमा जनकपुरधाम स्थित भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट मोठश्रेस्ता लगायतका आवश्यक कागजातहरु ढल्केवर ल्याएपछि कार्यालय सञ्चालन आउने सुनिश्चित भएको छ।

ढल्केबरमा ६ महिना अगाडि मालपोत कार्यालयको स्थापना भएको भएपनि भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरले आवश्यक कागजात उपलब्ध नगराउँदा यहाँको कार्यालय कहिले देखि सञ्चालनमा अन्यौल अवस्था रहेको थियो। मालपोत कार्यालय ढल्केबरका प्रमुख अर्जुनकुमार मण्डलले भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरले मोठ स्रेस्ता लगायतका आवश्यक कागजात आइतबार उपलब्ध गराएको बताए । आवश्यक कागजात उपलब्ध भएपछि यहाँको कार्यालय सञ्चालनमा आउने निश्चित भएको उहाँले जानकारी दिए। कागजात ल्याउन स्थानीय प्रशासनले सहयोग गरेको थिए । प्रहरीको स्कटिङमा कागजातहरु ढल्केवर ल्याइएको हो। ढल्केवर मा मालपोत कार्यालय स्थापना भएयता जनकपुरधामका लेखापढी व्यवसायीहरु आन्दोलित बनेका थिए। उनीहरु विभिन्न नारवाजी गर्दै निरन्तर आन्दोलन र प्रदर्शन गर्दै आएका थिए । उनीहरुको विरोधका बाबजुद प्रहरीप्रशासनको सहयोगमा मोठश्रेष्ताहरु ढल्केवर ल्याइएको हो। कार्यालय प्रमुख मण्डलले कागजातहरू आइपुगेको बताउँदै सम्भवत: आगामी साताबाट सेवा सुचारु गर्ने बताए ।उनले भने, “कागजातहरू व्यवस्थित गर्दैछौं। सम्भवत: एक साताको समय लाग्छ त्यतिजेल्लसम्म सेवा बन्द रहन्छ। सेवाग्राहीलाई झन्झट रहित छिटोछरितो सेवा प्रवाह गर्छौं।” उहाँका अनुसार मालपोत र नापी कार्यालय ढल्केवरमा साबिकका गाविसहरू ढल्केवर, बेङ्गाडाबर, तुलसी, हरिहरपुर, नकटाझिज, भुचकपुर, शान्तिपुर , गोदार, भरतपुर, रघुनाथपुर लगायत हालका तीन वटा स्थानीय तह मिथिला नगर पालिका, गणेशमान चारनाथ नगरपालिका र बटेश्वर गाउँपालिका क्षेत्रका मोठ स्रेस्ताहरू ल्याइएको छ। २०७२ असोज १४ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले धनुषाको ढल्केबरमा मालपोत र नापी कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार २०७३ माघमा यहाँ नापी कार्यालय स्थापना गरिएपनि मालपोत कार्यालय स्थापना हुन सकेको थिएन । सोही कारण नापी कार्यालय स्थापना भएको सात वर्ष हुँदासम्म कार्यालयको कामकाज सुरु हुनसकेको थिएन । करिब छ महिनाअघि ढल्केबर मा मालपोत कार्यालयको स्थापना भएसँगै सञ्चालनमा ल्याउनका लागि प्रयास सुरु भएको थियो । मालपोत कार्यालयको स्थापना गर्न तथा मालपोत र नापी कार्यालयको मोठ स्रेस्ता ल्याउन मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोको विशेष सक्रियता रहेको थियो ।

मालपोत र नापीको ढल्केवर कार्यालयमा कागजात आइसकेपछि मिथिला नगर पालिकाका नगरप्रमुख महेन्द्र महतो खुशी व्यक्त गरेका छन् । मध्यरातमा फेसबुक स्टाट्स लेख्दै उनले आज मिथिला नगर पालिकाको लागि शुभदिन भएको प्रतिक्रिया दिएका छन्। उनले लेखेका छन्, ‘मिथिला नगरपालिकाको लागि आज शुभदिन। जय मिथिला।’

# रगतका कुरा पछि रक्तदान र रगत समुह परिक्षण




**दिवेश कुमार महतो**
**जेष्ठ ६ गते, जनकपुरधाम**

रगत अभावका कारण कसैले ज्यान गुमाउनु पर्ने अवस्था नआओस् भन्ने उद्देश्यले जनकपुरधाममा रक्तदान कार्यक्रम गरिएको छ। सेन्ट्रल इन्जिनियरिङ कलेज जनकपुर धामको आयोजना र ब्लड फर नेपालको सह-आयोजनामा आइतबार कलेजको प्रांगणमा रक्तदान कार्यक्रमको आयोजना गरिएको कलेज प्रशासनले जनाएको छ।

उक्त रक्तदान कार्यक्रममा ५१र पुरुष र २६ महिलाले रक्तदान गरेका थिए भने १५४ जनाले र गत समुह परिक्षण गराएका थिए। सोही कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाले प्राविधिक सहयोग गरेका थिए। ब्लड फर नेपाल का टिमले केहि दिन अघि मात्र सेन्ट्रल इन्जिनियरिङ कलेज जनकपुर धाममा रक्तदान सचेतना कार्यक्रम गरेका थिए। त्यस कार्यक्रममा सयौं विद्यार्थीहरुको सहभागीता रहेको थियो।

सोही रक्तदान सचेतना कार्यक्रम को प्रभावले आजको रक्तदान कार्यक्रम सफल भएको ब्लड फर नेपाल धनुषा टिमका सह संयोजक अमित यादव बताउँछन्।उनका अनुसार “हामी यो भन्दा पहिला पनि जनकपुर धामको मोडेल मल्टिपल कलेजमा रक्तदान सचेतना कार्यक्रम गरेका थियौ र त्यसपश्चात सोही कलेजमा र क्तदान कार्यक्रम गर्दा धेरै विद्यार्थीहरुको सहभागीता रहेको थियो,”सोही अनुरुप हामीले सेन्ट्रल इन्जिनियरिङ कलेज जनकपुरधाममा पनि यस्तै गर्यौ।रु

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

**अल सोलुशन**

बर्दिवास नगरपालिका १४ पावन मिथिला होटल नजिकै

हाम्रा सेवाहरु

पत्रिका, क्यालेन्डर, रजिष्टर, डायरी, किताब, परीक्षाकापी, पर्चा, पम्प्लेट, बिल भाउचर , स्किन प्रिन्ट, विवाह कार्ड, प्रमाणपत्र, भिजिंगकार्ड, झोला प्रिन्ट, रबर स्टाम्प, ब्यानर प्रिन्ट, स्टिकर, फाइल, गारमेन्टको सबै काम एकै ठाउँमा, फलसेलिंग, बिजुली पलम्बर, रंगरोगन, एलमुनियम, युपिभिसी, स्टिल ग्रिल, सटर, फर्निचर, कप प्रिन्ट, टिसर्ट प्रिन्ट, स्कूल, कलेजको पोसाक

हामी कहाँ होम डेलिभरीको व्यवस्था

सम्पर्क नं. : ९८०७६७२०८८

“स्वस्थ रहौं, खुसी र सुखी रहौं”

**स्वास्थ नै धन हो ।**

स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि व्यवहारहरु ।

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुर्‍याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बढ्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९.जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

**जिल्ला स्वास्थ्य कार्यालय**

जलेश्वर , महोत्तरी - मधेश प्रदेश

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा